# आर्थिक वर्ष ०७२/७३ को लागि गाविस तथा नपाको लागि बजेट सिमा र मार्गदर्शन

१. नेपाल सरकारबाट रु २० लाखभन्दा कम अनुदान प्राप्त हुने गाविसहरुलाई रु ३ लाखका दरले अनुदान दिने ।

२. प्राकृतिक स्रोत वाडफाड (ढुंगा गिटी र वालुवा ) प्राप्त हुने कूल रकमको ३५ - ५०% सम्म सम्वन्धित गाविस तथा नपाहरुलाई अनुदानको रुपमा उपलब्ध गराउने ।

३. नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट गाविस तथा नपाहरुलाई प्राप्त हुने अनुदान स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा गर्ने ।

**मार्गदर्शन :**

१. जिल्ला विकास समिति झापाको आवधिक योजना, जिल्ला यातायात गुरु योजना र गाविस तथा न.पा.को आवधिक एवं गुरुयोजना तथा सहश्राव्दी विकास लक्ष्यलाई आधार मानी आयोजना छनौट गर्ने ।

२. निर्माणाधीन तथा अधुरा योजना, छोटो समयमा बढी प्रतिफल दिने तथा कम लगानीबाट बढी जनसंख्यालाई लाभ पुऱ्याउने खालका आयोजना र सकभर १ वर्षमा नै पुरा गर्न सकिने आयोजनालाई प्राथिमिकता दिई आयोजना छनौट गर्ने ।

३. आयोजना छनौट गर्दा आर्थिक तथा सामाजिक दृष्टिकोणले पछाडी पारिएका वर्ग एवं क्षेत्र तथा दलित, उत्पिडित, महिला, अपांग, आदिवासी, जनजातिको विकासको लागि प्राथमिकता दिई कार्यक्रम तर्जुमा गर्ने ।

४. बढी जनसहभागिता प्राप्त गर्न सकिने आयोजनालाई प्राथमिकता दिई आयोजना छनौट गर्ने ।

५. स्थानीय स्रोत साधनको परिचालन हुने र रोजगारी सृजना हुने आयोजनालाई प्राथमिकता दिने ।

६. आयोजना छनौट गर्दा लैंगिक सन्तुलन, वातावरणलाई प्रतिकुल असर नपर्ने खालका आयोजनालाई प्राथमिकता दिने ।

७. स्थानीयस्तरमा संचालन गरिने कार्यक्रमका लागि समूह गठन गर्दा पहिला नै गठन भई रहेका समूह प्रयोग गर्ने ।

८. योजना तर्जुमा कार्यान्वयन र मूल्यांकनमा समन्वय र सहयोगका लागि कार्यतालिका बनाई कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने व्यवस्था मिलाउने ।

९. राष्ट्रिय योजना आयोगको सचिवालयबाट प्राप्त हुने बजेट सिमा र मार्गदर्शनलाई समेत मध्य नजर गरेर आयोजना तर्जुमा गर्ने ।

१०. गाविसले प्रस्तावित बजेट र कार्यक्रम तर्जुमा, कार्यान्वयन र मूल्यांकन गर्दा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को पूर्ण पालना गर्ने र वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रबाट सिफारिस भएका आयोजनाहरुलाई योजना तर्जुमा गर्दा प्राथमिकता दिने ।

११. नेपाल सरकार तथा आन्तरिक स्रोतबाट प्राप्त पूंजीगत बजेट मध्ये महिलाहरुको लागि १० ५, वालवालिकाहरुको लागि १० ५ र आदिवासी जनजाति, दलित, महिला र पिछडीएका वर्गहरुको लागि १५ ५ अनिवार्यरुपमा विनियोजन गर्ने ।

१२ . सबै गाविसहरुले चालु आर्थिक बर्ष भित्र गाविस पार्श्व चित्र (Village Profile) तयार गरी सक्ने ब्यबस्था मिलाउने ।

१३. सूचना तथा तथ्यांकलाई अभिलेखीकरण, व्यवस्थित, पारदर्शि एवंम प्रभावकारी सेवा सुविधा प्रदान गर्न सूचना प्रविधिको प्रयोग गरी कम्प्यूटराइज्ड लेखा प्रणाली संचालनमा ल्याउने ।

१४. आकस्मिक प्राकृतिक प्रकोप न्यूनिकरणको लागि कोष स्थापना गरी केही रकम बिनियोजन गर्ने र जिबिसबाट प्राकृतिक श्रोत ( ढुंगा गिटी बालुवा कर) वापत रकम प्राप्त गर्ने न.पा/गाविसले सो रकम नदि नियन्त्रण कार्यमा मात्र खर्च गर्ने गरी कार्यक्रम तर्जुमा गर्ने ।

१५. सम्पूरक कोष तथा मर्मत सम्भार कोषको व्यवस्था गरी आयोजना मर्मत सम्भार कार्यका लागि आवश्यक रकम विनियोजन गर्ने ।

१६. कृषि क्षेत्रको विकासका लागि सम्भव भएसम्म १५ प्रतिशतसम्म रकम विनियोजन गर्ने ।